## १

## के सर्वशक्तिमान परमेश्वरको अस्तित्व छ ?

एउटा घर त्यसको जगभन्दा बलियो हुँदैन । एउटा घरको सबै हिस्साहरु जुन जगमाथि त्यो घर बसेको हुन्छ त्यसद्वारा प्रभावित हुँदछन् ।

जसरी एउटा घरको निम्ति एउटा जग हुन्छ, त्यस्तै जीवनको निम्ति "के परमेश्वरको अस्तित्व छ" भन्ने प्रश्नको महत्व हुन्छ । हाम्रो परमेश्वर प्रतिको विश्वासले अथवा अविश्वासले हाम्रो सोचको जग निर्माण गर्दछ जसले हाम्रो जीवनबारेका सबै विचारहरुलाई अथवा परिभाषाहरुलाई रंगाउँछ ।

त्यसैकारण कसैले सोध्नसक्ने सबैभन्दा गहन प्रश्न भनेको "के परमेश्वरको अस्तित्व छ ?" भन्ने प्रश्न नै हो । यो प्रश्न त्यति महत्वपूर्ण हुनुको कारण के हो भने, यसको उत्तरले नै हाम्रो जीवन बारेका सबै अरु प्रश्नहरुको सबै उत्तरहरुलाई प्रभाव परेको छ ।

उदाहरणको निम्ति, आउनुहोस् हामी मानौं एउटा मान्छेले यसो भन्दै यस प्रश्नको उत्तर दियो, "छैन, परमेश्वरको अस्तित्व छैन ।" त्यसपछि जब त्यस मान्छेले "मैले यस संसारमा कसरी जीवन बिताउने ?" भन्ने प्रश्नको उत्तर दिनुपर्ने हुन्छ, उसले यस्तो निश्कर्ष निकाल्ने छ, "मैले रोजेको कुनै तरिकाले म जीउने छु । जे भएता पनि म श्रृष्टि गरिएको प्राणी होइन । म कुनै उच्च शक्ति प्रति जवाफदेही छैन । मेरो एकमात्र नैतिक जिम्मेवारी भनेको, मैले उचित तरिकाले संगि मानवजातिको सुख र उत्पादनशीलतालाई सहयोग पुऱ्याउनु पर्दछ । यसभन्दा पर, म मेरो जीवनमा जे गर्दछु त्यो मेरो कुरा हो । मृत्युपछि मेरो अस्तित्व रहने छैन त्यसैले म यो जीवन मैले सकेसम्म भरपूररुपमा जीउने छु ।"

अब आउनुहोस् हामी यसो भनौं, एउटा मानिसले "के परमेश्वरको अस्तित्व छ" भन्ने प्रश्नको उत्तर यसो भन्दै दिँदछन्, "हो उहाँको अस्तित्व छ ।" भने उनीसँग त्यस प्रश्नबारेमा एकदमै फरक उत्तर हुनेछ "मैले यस संसारमा कसरी जीवन बिताउने ?" यो प्रश्न प्रति प्रतिकृया जनाउँदै, उसले यसो भन्न सक्छन्, "म अस्तित्वमा हुनुहुने एक सर्वशक्तिमानबाट सृष्टि गरिएको हुँ । मेरो अस्तित्वबारेमा उहाँले स्पष्ट उद्देश्य राख्नुभएको थियो र मैले त्यो उद्देश्य पत्ता लगाउनै पर्दछ । उहाँको इच्छा पत्ता लगाएर र त्यस अनुसार जीवन बिताएर मात्र म मेरो सृष्टिकर्ताले मेरो जीवनको निम्ति राख्नुभएको शान्ति र उद्देश्य प्राप्त गर्न सक्छु । मलाई थाहा छ कुनै दिन उहाँले मैले यस संसारमा कुन तरिकाले जीवन बिताएको छु त्यसको लेखा लिन बोलाउनु हुनेछ ।"

आउनुहोस् "के सर्वशक्तिमान परमेश्वरको अस्तित्व छ ?" भन्ने प्रश्नलाई धेरै होशियारीका साथ विचार गरौं । के परमेश्वरको अस्तित्व छ भनी विश्वास गर्ने ठोस कारणहरु छन् ? बाइबल परमेश्वरको अस्तित्व छ की छैन भन्नेबारेमा वादविवाद गर्दै सुरु भएको छैन । यो वास्तवमा परमेश्वरकोबारेमा दावा गर्दै सुरु हुन्छ : "आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो" (उत्पत्ति १:१) । तैपनि, बाइबलै भरि परमेश्वरको अस्तित्व सम्बन्धमा युक्तिसंगत प्रमाणहरु छन् । कुनै प्रत्यक्ष रुपमा दिइएका र कुनै अप्रत्यक्ष दिइएका छन्, कुनै प्रष्टसँग उल्लेख गरिएका र अरुहरु अभिप्रेरित गरिएका छन् । यी मध्ये धेरैलाई दुई तरिकाले विचार गर्दै संक्षेपमा प्रस्तुत गर्ने अनुमति हामीलाई दिनुहोस् । यदि तपाईले यी दुई कारणहरुबारेमा गहिरोरुपमा सोचविचार गर्नुभयो भने यिनीहरुले तपाईलाई दृढरुपमा वास्तवमा परमेश्वरको अस्तित्व छ भन्ने विश्वासतर्फ डोऱ्याउँदछ ।

## संसारको प्रमाण

पहिलो प्रमाण जसले हामीलाई परमेश्वर वास्तवमा हुनुहुन्छ भन्ने विश्वास गर्न बाध्य पार्दछ त्यो भनेको हाम्रो वरिपरी र माथि भएको संसारले दिएको प्रमाण हो । यो पृथ्वी र ब्रम्हाण्डले पनि स्पष्टसँग परमेश्वरको अस्तित्वको घोषणा गर्दछन् ।

हामी एउटा ग्रहमा बसोवास गर्दछौं जसलाई पृथ्वी भनिन्छ । यो एक सौरमण्डलको भाग हो जसले सूर्यको वरिपरी परिक्रमा गर्दछ । यो सौरमण्डलको प्रश्न रहित नियमितता र ढाँचा छ । सबै ग्रहहरु तिनीहरुकै कक्षमा बस्दछन् र कहिल्यै एक अर्कासँग ठोकिँदैनन् । तिनीहरु ठीक गतिले र ठीक दुरीबाट सूर्यको परिक्रमा गर्दछन् । पृथ्वीको सूर्यसँगको सम्बन्धले दिन, रात र मौसमहरु उत्पन्न हुन्छन् । यो सँधै सूर्यबाट ठीक दुरीमा रहन्छ । यदि हामी सूर्यबाट केही टाढो मात्र हुन्थ्यौं भने, हामी जम्ने थियो, यदि हामी केही नजिक भएको भए, हामी डढ्ने थियौं ।

वैज्ञानिकहरुले हामीभन्दा टाढा अन्तरीक्षमा असंख्या सौरमण्डलहरुको अस्तित्व छ भनी हामीलाई भन्दछन् । हामीलाई ब्रम्हाण्डको आयतन कत्रो छ भन्नेसम्म यकिनरुपमा थाहा छैन । हाम्रो दूरदर्शक यन्त्रले यसको किनारासम्म देख्न सक्दैनौं, हाम्रो दिमागले यसको लम्बाइ चौडाइको कल्पना गर्न सक्दैन । तापनि ब्रम्हाण्डका यस्ता धेरै कुराहरु छन् जसका बारेमा हामीलाई थाहै छैन, यसबारे हामीलाई एउटा कुरा निश्चित रुपमा थाहा छ - यो नियमितता र अभिप्रायको गुण भएको एक ब्रम्हाण्ड हो । यो नमिलेको र अस्तव्यस्त छैन; यो एकैनासको र व्यवस्थित छ ।

यो ब्रम्हाण्डको अस्तित्वले हामीले दुई मध्ये एउटा निश्कर्ष निकाल्नुपर्ने माग गर्दछः या त यो सृष्टि गरिएको हो अथवा त्यत्तिकै अस्तित्वमा आएको हो । यदि कसैले ब्रम्हाण्ड त्यत्तिकै अस्तित्वमा आएको हो भनी तर्क गर्छन् भने, या त उनले यो शुन्यबाट त्यत्तिकै अथवा पहिले देखि नै अस्तित्वमा भएको पदार्थको कुनै किसिमको इहलौकिक विस्फोटबाट अस्तित्वमा आएको हो भन्ने निश्कर्ष निकाल्नु पर्ने हुन्छ । यी दुई प्रमुख निश्कर्षहरु मध्ये, यो ब्रम्हाण्ड सृष्टि गरिएको थियो भन्ने निश्कर्ष मात्र उचित छ । हामीले कसरी इमानदारीका साथ शुन्यबाट ब्रम्हाण्ड अस्तित्वमा आएको हो भनी विश्वास गर्न सक्छौं ? हामी विवेकका साथ कसरी ब्रम्हाण्ड इहलौकिक विस्फोटको परिणाम हो र त्यो पदार्थ मात्र सदाकालदेखि अस्तित्वमा थियो भनी विश्वास गर्न सक्छौं ?

मानिलिनुहोस् एउटा मान्छे उसको हातमा एउटा पुस्तक लिएर म कहाँ आयो । उसले मलाई त्यो पुस्तक दियो र मलाई त्यसलाई हेर्न भन्यो । मैले त्यसलाई हेर्न सुरु गरें । त्यस पुस्तकको अघिल्लो गातामा “क्रूडेन कम्पिलिट कन्कर्डेन्स” छापिएको देखें । मैले के पनि देखें भने त्यसमा प्रकाशकको ठाउँमा “जोन्डरभान” छापिएको थियो । जब मैले पानाहरु पल्टाउन थालें के.जे.भी. अंग्रेजी बाइबलको नामहरु, ठाउँहरु र वाक्यांशहरु वर्णानुक्रममा तिनीहरु बाइबलमा देखा पर्ने विभिन्न संकेतहरुकासाथ तलपट्टि सूचीकृत गरिएका थिए । त्यस पुस्तकको खोलमा, २००,००० भन्दा बढि प्रसंगहरु पुस्तकमा सूचीकृत गरिएको कुरा लेखिएको थियो । सम्भवत मैले त्यस मानिसलाई यसो भन्न सक्थें, “मलाई लाग्छ मैले यो प्रकाशक कम्पनीलाई सम्पर्क गर्नुपर्ला र मैले पनि यो पुस्तकको एक प्रति पाउन सक्छु कि हेरौं ।”

त्यसपछि त्यो मानिसले भन्यो, “तपाईले यस पुस्तकको प्रति किन्न सक्नुहुन्न । न यो पुस्तक जोन्डरभानले प्रकाशित गरेको हो, न त अलेक्जेण्डर क्रुडेनले संकलन गरेका हुन् । यो पुस्तक त्यत्तिकै अस्तित्वमा आएको हो । यसलाई हामीले पूर्ण रुपमा पाएका हौं । यो शुन्यबाट अस्तित्वमा आएको हो ।” मैले त्यस समय त्यस मानिसलाई भन्नेछु, “के तपाई मलाई अंग्रेजी बाइबलका यी नामहरु, ठाउँहरु र वाक्यांशहरु कसैले सूचीकृत गरेको होइन भनिराख्नुभएको छ र के तपाई मलाई यी २००,००० प्रसंगहरु शुन्यबाट अस्तित्वमा आएका हुन् भनिराख्नुभएको छ ? के तपाई मलाई यो पुस्तक टाइप गरिएको, छापिएको र प्रकाशित गरिएको होइन भनिराख्नुभएको छ ?”

यदि त्यो मानिसले "हो, मैले त्यहि नै भनेको हुँ" भनी जवाफ दियो भने, त्यसपछि म भन्नेछु, "मलाई थाहा छ तपाई गलत हुनुहुन्छ । म तपाईलाई एक मानवको रुपमा सम्मान गर्दछु, तर मेरो विचार गर्न सक्ने क्षमताले मलाई यस पुस्तकको उत्पत्ति बारेको तपाईको निश्कर्ष स्वीकार गर्ने अनुमति दिँदैन । म गलत प्रमाणित हुनसक्ने कुनै डर नमानिकन के भन्न सक्छु भने यो पुस्तक त्यत्तिकै आएको होइन । मैले यो मानिसलाई दिएको उत्तरबारेमा ढुक्क हुन सक्छु, किनभने मेरो विचार गर्न सक्ने क्षमताले मलाई यस पुस्तकको उत्पत्तिबारेमा कुनै अरु निश्कर्षमा पुग्ने अनुमति दिँदैन ।"

मानी लिनुहोस् अर्को मानिस म कहाँ आयो र मलाई एउटा रेडियो दियो । त्यो मानिसले मलार्य भन्यो, "म तपाईले यो रेडियो हेर्नुभएको चाहन्छु । एउटा बिजुलीको तार यसको पिँधमा जोड्न सकिन्छ र बिजुलीको शक्ति प्रयोग गरेर तपाईले यो रेडियो बजाउन सक्नुहुन्छ र सुन्न सक्नुहुन्छ । यो रेडियोको तल्लो भागको भित्र एक प्रकारको बेट्री छ, जुन रेडियो बिजुलीमा जोडे त्यो बेटरीमा भविष्यमा प्रयोग गर्न सक्ने शक्ति जम्मा हुन्छ । यसरी जब तपाई बिजुलीको तार जोड्ने ठाउँबाट टाढा हुँदा, तपाईले रेडियो खोल्न सक्नुहुन्छ र यो बिजुलीको प्लगमा नजोडेता पनि चल्दछ । यो घरमा र तपाई यात्रामा हुँदा पनि प्रयोग गर्न सकिन्छ ।" मैले त्यो मानिसलाई भन्न सक्छु, "यो एक उपयोगी वस्तु हुनसक्छ । म कहिले काँही यात्रा गर्छु र एउटा यस्तो किसिमको रेडियो मेरो लागि धेरै उपयोगी हुन सक्छ । मलाई लाग्छ, हेरौं म यस्तै किसिमको एउटा रेडियो किन्न सक्छु की ।"

मलाई त्यस मानिसले यसो भनेको कल्पना गर्नुहोस् त, "होइन, होइन । यो रेडियो किन्न सकिँदैन । यो बनाइएको होइन । यो अचानक अस्तित्वमा आएको हो । यहाँबाट धेरै टाढा पनि होइन, एउटा कारखाना थियो जसमा धेरै किसिमका वस्तुहरु - प्लाष्टिक, धातु, काठ इत्यादि थिए । केही हप्ता अघि त्यस भवनमा एउटा विस्फोट भयो । ती वस्तुहरु हावामा उडे । हावामा हुँदे ती वस्तुहरुमध्ये केही, कुनै तरिकाले एक आपसमा जोडिन पुगी यस वस्तुको रुपमा जमिनमा खस्यो । त्यो भताभुङ्ग भएको भवनको टुक्राटाक्रीहरुको बिचमा हामीले यो रेडियो पायौं । यो आविश्कार गरिएको र निर्माण गरिएको होइन, यो त त्यो विष्फोटको परिणाम हो ।" म त्यस मानिसलाई भन्नेछु, "के तपाई मलाई यो रेडियो नक्शांकन गरी, शीप र सावधानीका साथ जोडजाड गरी आविश्कार गरिएको होइन भनी विश्वास गर्नु भनी राख्नुभएको छ ? के तपाई यो रेडियो अस्तव्यस्तताको परिणाम हो, ज्ञानको होइन भनी ठोकुवा गरिराख्नुभएको छ ?" यदि त्यो मानिसले त्यो रेडियो एक विष्फोटबाट आएको हो भनी जिद्दी गरिनै रह्यो भने, म उसलाई यसो भन्ने छु, "तपाईले निश्चय रुपमा रेडियो बारेमा गलत कुरा गरिराख्नु भएको छ । कुनै पनि सोच्नसक्ने मान्छेले त्यस्तो निष्कर्ष निकाल्दैन । एक रेडियो त्यस प्रकारले अस्तित्वमा आएको हो भन्नेमा म सहमत हुन सक्दिन ।" म यस मानिससँगको आफ्नो प्रतिकृया प्रति पूर्णरुपमा सकारात्मक रहनेछु । मेरो सोच्नसक्ने क्षमताले मलाई अरु कुनै निश्कर्ष निकाल्न अनुमति दिने छैन ।

जुन निश्कर्ष हामीले दृढताका साथ त्यो पुस्तक र रेडियोको बारेमा निकालेका हुन्छौं, त्यो भन्दाबढि दृढताकासाथ हामीले ब्रम्हाण्डको बारेमा निश्कर्ष निकाल्नु पर्दछ । कुनै पनि मात्राको वेज्ञानिक शब्दालंकार र शब्दावलीहरुले हामीलाई यो ब्रम्हाण्ड शुन्यबाट अथवा एक विष्फोटको कारण अस्तित्वमा आएको हो भनी विश्वास दिलाउन सक्दैन । यो ब्रम्हाण्डमा एक पुस्तक अथवा एक रेडियो भन्दा अति नै उच्च स्तरको शिल्पकारी प्रयोग भएको छ । यदि हामी एउटा पुस्तक त्यतिकै अस्तित्वमा आएको हो अथवा एउटा रेडियो एक विष्फोटको परिणाम हो भनी विश्वास गर्न सक्दैनौ भने हामी ब्रम्हाण्ड शुन्यबाट आएको अथवा निर्जिव पदार्थको विष्फोटको परिणाम हो भनी कसरी विश्वास गर्न सक्छौं ? सबै जसले केही विस्तृतरुपमा ब्रम्हाण्डको अध्ययन गरेका छन् त्यस्तो अध्ययनबाट के महशुस गर्न पुगेका छन् भने यो ब्रम्हाण्ड जटिल नक्शा र यथार्थताको एक आश्चर्य हो ।

हामीले विचारबाट जे निश्कर्ष निकालेका छौं, बाइबलले त्यसलाई स्वीकार गर्दछ । भजनसंग्रह १९:१ ले भन्दछ, "आकाशले परमेश्वरका महिमाको वर्णन गर्छ, र तारामण्डलले उहाँको हातको सीपको घोषणा गर्छ" अर्को शब्दमा भन्दा यदि हामी खुलेको रातमा जमिनमा बसेर खुला आकाशलाई हेर्‍यौं

भने, हामीले आफूलाई एक अद्भूत आराधना सेवामा पाउने छौं । प्रचारक चाहिँ असंख्या ताराहरुले भरिएको कालो आकाश हुनेछ । हामी चाँहि झुण्ड हुनेछौं । सभाघर त्यो घाँस हुनेछ जसमाथि हामीहरु बसेका हुन्छौं । प्रचारकले चुपचाप तर वाकपटुतासँग ताराहरु त्यत्तिकै अस्तित्वमा आएका होइनन् तर सृष्टि गरिएका हुन् भनी घोषणा गरिरहेको हुनेछ । खुला आकाशले परमेश्वरको महिमाको घोषणा गरिरहेको हुनेछ । जब हामी यो आराधना सेवा छोडेर जान लागिरहेका हुनेछौं, हामीहरुले यसो भन्ने छौं, "जुन सन्देश मैले यो प्रचारकबाट सुने त्यो सही हुनुपर्दछ । मेरो विवेकले मलाई अरु सन्देश स्वीकार गर्ने अनुमति दिदैन ।"

पावल, नयाँ नियमका व्यक्ति मध्येका एकजनाले लेखेका छन्, "उहाँको अदृश्य गुण, अर्थात् उहाँको अनन्त शक्ति र ईश्वरीय स्वभाव संसारको सृष्टिदेखि नै बनाइएका थोकहरुमा छर्लङ्गै देखिएका छन् । यसैले यिनीहरुलाई कुनै किसिमको बहान छैन" (रोमी १:२०) । ब्रम्हाण्डका देखिने, प्रकटभएका थोकहरुले, नदेखिने परमेश्वरको आदृश्य हातको अस्तित्व छ भनी प्रमाणित गर्दछ । तिनीहरुले उहाँको असीम शक्ति र उहाँको ईश्वरीय गुणको वर्णन गर्दछन् । हामीले परमेश्वरको अस्तित्व छ भनी प्रकट भएका साधारण कुराहरु - हामी वरिपरीको संसार र हामी माथि भएको संसारबाट थाहा पाउन सक्दछौं । पवालले पनि भनेका छन्, "तापनि उहाँले आफूलाई गवाहीबिना छोड्नुभएन, किनकि उहाँले भलो गरेर तपाईलाई स्वर्गबाट पानीको झरी र फलवन्त ऋतु दिनुभयो र तपाईहरुका हृदयलाई भोजन र आनन्दले सन्तुष्ट पार्नुभयो" (प्रेरित १४:१७) । हाम्रो ग्रहहरुको संसार र ब्रम्हाण्डको संसारले सर्वशक्तिमान परमेश्वरको अस्तित्वको गवाही दिन्छन् ।

एउटा प्रख्यात बालकथामा एकजना रबिनसन क्रुसो भन्ने मान्छेको एउटा निर्जन टापुमा पानीजहाज डुब्छ । जब उ डुबेको जहाजबाट किनारामा पुग्छ, उसले तुरुन्तै अरुहरु कोही बाँचेका छन् कि भनी वरिपरी खोज्छ, उसले कसैलाई पाउँदैन । डुबेको जहाजबाट उ एक्लो बाँचेको हुन्छ । उसले टापुभरी अरु मानिस जाति छन् कि भनी खोज्छ, तर एउटै पाउँदैन । उसले त्यो टापुमा उ एक्लो छ भन्ने थाहा पाउँछ । उसले मुडाहरु र हाँगाहरुबाट आफ्नो निम्ति एक प्रकारको घर बनाउँछ । उ त्यस टापुमा फल्ने जंगली फलहरु खाएर बाँच्दछ । उसले मासु र लुगाको निम्ति जंगली जनावरहरु पक्रन्छ र मार्छ । एक दिन उ किनारामा हिँडिरहेको हुन्छ । उसले नरम बालुवामा अर्को मानिसको खुट्टाको छाप देख्छ । त्यसबेला उसलाई तुरुन्तै तीन मध्ये एक निष्कर्ष ठीक हुनुपर्दछ भनी थाहा हुन्छ, सम्भवत कुनै मान्छे आएर यो छाप छोडेर गयो । हुनसक्छ, जसले यो छाप छोडेको हो उ मरीसक्यो होला र क्रुसोले उसर्लाइ मृत अवस्थामा टापुमा भेट्टाउने छ । सम्भवत जसले यो खुट्टाको छाप बनाएको हो उ अहिलेसम्म टापुमा जीवितै छ होला । उ बाहेक त्यो टापुमा अरु पनि कोही छ भन्ने सत्यले उसको मुटु ढुकढुक गर्न थाल्दछ । खुट्टाको छापले त्यो प्रमाणित गरेको हुन्छ । त्यस बारेमा उ पूर्णरुपले निश्चित हुन सक्दथ्यो । उसले सारा टापुभरी खोजी गर्दछ र अन्त्यमा, एक शुक्रवार त्यो आदिवासीलाई भेट्टाउँछ जसले त्यो खुट्टाको छाप बनाएको थियो । उसले त्यसलाई भेट्टाएको दिनको नाममा त्यसको नाम शुक्रे राख्दछ ।

हामी पनि धेर-थोर त्यही कथाको चरित्र रबिनसन क्रुसो जस्तै छौं । हाम्रो अगाडि हाम्रो निम्ति पृथ्वी, ताराहरु, सूर्य तथा चन्द्रमाको पदचिन्हहरु छन् । यी चिन्हहरु एकमात्र सर्वशक्तिमानद्वारा बनाइएका हुन् । क्रुसोले ती छापहरु देखेर ती त्यत्तिकै बनेका हुन् भन्ने निष्कर्ष निकालेको भए त्यो उसको मुर्खता हुन्थ्यो । त्यसैगरी यो पृथ्वी र ब्रम्हाण्ड त्यत्तिकै अस्तित्वमा आएका हुन्, तिनीहरु शुन्यबाट आएका हुन् भन्नु भनेको विवेकलाई अस्वीकार गरी मुर्ख बन्नु हो ।

हामी वरिपरी भएको संसार र हामीमाथि भएको संसारले हामीलाई एउटै मात्र निष्कर्ष देखाईरहेका छन् । यस भौतिक पृथ्वी र त्यसभन्दा पर रहेको भौतिक ब्रम्हाण्डको पछाडी एकमात्र सर्वशक्तिमान परमेश्वर हुनुहुन्छ । यस सम्बन्धमा हामी ढुक्क हुन सक्छौं, जसरी हामी पुस्तक त्यत्तिकै शुन्यबाट आएको होइन र एउटा बिजुलीबाट चल्ने रेडियो एक विष्फोटको परिणाम होइन भन्नेमा ढुक्क भएका थियौं ।

## मानिसको प्रणाम

दोश्रो, हामीलाई मानिसको अस्तित्वबाट जुन प्रमाण प्राप्त हुन्छ त्यसद्वारा पनि हामी दृढ निश्चयताका साथ वास्तवमा परमेश्वर हुनुहुन्छ भनी विश्वास गर्न सक्छौं । मानिसको अस्तित्वले पनि परमेश्वरको अस्तित्वको घोषणा गर्दछ ।

भौतिक ब्रम्हाण्ड भन्दा मानिस एक अति नै महान आश्चर्य हो, उसको बौद्धिक शक्तिको कल्पना गर्नुहोस् । उसले सोच्न, विश्वास, प्रेम, कल्पना, योजना र निर्माण गर्न सक्छ । यस्ता मानिसहरु पनि छन् जसले चार र त्यसभन्दाबढि भाषाहरु धाराप्रवाह बोल्न सक्दछन् । वैज्ञानिकहरुले हामीलाई भनेका छन्, एउटा व्यक्तिको दिमागमा भएको एउटा कोष हामीले अहिले बनाएको अति नै राम्रो कम्प्यूटर भन्दा पनि बढि जटिल छ ।

मानिसको आत्मिक गुणको बारेमा सोच्नुहोस् । मानिस सधैं आराधना गरिरहने प्राणी हो । अति नै प्राचिन मानिसहरुले पनि कुनै उच्च शक्तिलाई आराधना गर्न चाहन्थे । मानिस भित्र सधै नैतिक कर्तव्यको भावना छ । उभित्र एक नैतिक चेतना छ । कहिले काहीँ उसको यो चेतना धेरै परिष्कृत हुँदैन, तर त्यो सधै विद्यमान हुन्छ ।

मानिसको शारीरिक शरीरको बारेमा सोच्नुहोस् । तपाई मानव शरीरको एक भागको अध्ययन गर्दै एउटा जीवनको सारा समय बिताउन सक्नुहुन्छ र जुन अनुसन्धानहरु गर्न सकिन्छ त्यसबाट कहिल्यै थाक्नु हुन्न ।

स्वयम् जीवनको बारेमा सोच्नुहोस् । हामी यसलाई सृष्टि गर्न सक्दैनौ र जब यो मर्दछ हामी यसलाई फिर्ता पाउन सक्दैनौ । हामीले पूर्ण रुपमा यसको व्याख्या गर्न सक्दैनौं र यसलाई पूर्ण रुपमा नियन्त्रण गर्न सक्दैनौं । मानिसको अद्‌भुदताले उसको सृष्टिकर्ताको अस्तित्वको घोषणा गर्दछ ।

मानिलिनु होस् हामी एउटा कक्षा कोठामा छौं र एकजना विशिष्ट प्राध्यापकको जीवनको उत्पत्ति बारेको व्याख्यान सुनिरहेका छौं । उनी उनले प्रयोग गर्ने वैज्ञानिक शब्दावली र व्याख्याहरुमा यताबाट उता उफ्रन्छन् र सारांशमा उनी भन्दछन्, “सुरुमा कुनै प्रकारको एउटा सानो कोष अस्तित्वमा आयो र त्यसमा कुनै प्रकारको जीवन पनि त्यसभित्र थियो । त्यो गुणात्मक रुपमा फैलियो, बढ्यो र विकसित भयो । एक प्रकारको जलचर प्राणी देखा पर्‍यो । त्यो पनि फैलियो, बढ्यो र विकसित भयो । अन्त्यमा, करोडौं वर्षहरु बितेपछि मानवको रुपमा चिनिने प्राणी विकसित भएर आयो ।

जब हामी प्राध्यापकको कुरा सुन्दछौं, हामीहरु तीनवटा समस्याहरुसँग सामना गर्न पुग्दछौं, जुन समस्याको समाधाना उसका सिध्दान्तले समाधान गरेको हुँदैन । उनी यी समस्याहरुलाई ध्यानै नदिई अघिबढेका हुन्छन् मानौं तिनीहरु उल्लेख गर्न महत्वहीन र अयोग्य छन्, तर उनको यी समस्याहरु प्रतिको व्यवहारले उनको सिध्दान्तलाई स्वीकार गर्न असम्भव र अविवेकी बनाउँदछ । पहिलो समस्या जीवनको उत्पत्तिको व्याख्यामा हुन्छ । उनको सिध्दान्तले जीवन शुन्यबाट आएको हो भन्ने मानी लिन्छ । कुनै पनि व्यक्तिले त्यो एउटा पुस्तक शुन्यबाट आएको हो र त्यो एउटा रेडियो विष्फोटबाट आएको हो भनी विश्वास गर्नु असम्भव हुन्छ भने जीवन त एउटा पुस्तक अथवा एउटा रेडियो भन्दा धेरै नै जटिल छ । मानिसले एक पुस्तक र रेडियो बनाउन सक्छ, तर उसले जीवन बनाउन सक्दैन । तापनि प्राध्यापकले हामीलाई जीवन शुन्यबाट आएको हो भनी विश्वास गर्नु भन्दछन् ।

दोश्रो समस्या प्रकृतिको नियमको अस्तित्वको व्याख्यामा छ । प्राध्यापकको सिध्दान्तले प्राकृतिक नियम शुन्यबाट आएको हो भन्ने परिकल्पना गर्दछ । हाम्रो विश्व प्राकृतिको नियमको अधिनमा छ । यदि तपाईले खानुभएन अथवा यसबाट कुनै तरिकाले भोजन आफ्नो शरीरमा लिनुभएन भने तपाई मर्नु हुनेछ । तपाईले यो नियम अवज्ञा गर्न अथवा उम्कन सक्नु हुन्न । यसबाट कसैलाई छुट छैन ।

तपाईले यो प्रकृतिको नियमलाई तोड्न सक्नु हुँदैन । न त तपाई मृत्युको प्राकृतिक नियमलाई जित्न सक्नु हुन्छ । मानव जातिको मृत्युको दर १०० प्रतिशत छ । त्यसमा कुनै अपवाद छैन । प्राध्यापक आफ्नो सिध्दान्तद्वारा प्रकृतिको नियम त्यत्तिकै आएको हो भनी प्रमाणित गर्दछन् ।

तेश्रो समस्या हो, परिवारको अस्तित्व बारेमो व्याख्या । मानव जाति परिवारहरुद्वारा बनेको छ । अभिलेख भएको मानव इतिहासमा हामी एउटै यस्तो समय पाउँदैनौ जब परिवारको अस्तित्व नभएको होस् । प्राध्यापकले हामीले पुरुषको क्रमिक रुपमा परिपक्व विकास भयो, ठिक त्यसै समय स्त्री पनि परिपक्व रुपमा विकसित भईन् भनी विश्वास गरेको चाहन्छन् । उनीहरुले अचानकै आनन्दमय सहचर पाए र यसरी पुरुष र स्त्रीले निरन्तर अभिलिखित इतिहास भरि पारिवारिक सम्बन्ध निर्माण गरे । पुरुष स्त्री भन्दा फरक छन् र स्त्री पुरुषभन्दा फरक छिन्, तापनि उनीहरु मिलनसारिता र सहचरितामा एकै जस्ता छन् । प्राध्यापकले उनीहरु एकै समयमा परिपक्वतामा देखापरेका हुन् र त्यसको परिणामस्वरुप परिवार अस्तित्वमा आयो भन्दछन् । अर्को शब्दमा भन्दा, उनले परिवार शुन्यबाट आएको हो त्यो एक दुर्घटनाको परिणाम मात्र हो भनी तर्क गर्दछन् ।

हाम्रो दिमागले हामीहरुलाई जीवन शुन्यबाट आएको हो, प्राकृतिको नियम शुन्यबाट आएको हो र मानव परिवार पनि शुन्यबाट आएको हो भन्ने कुरा कल्पना गर्न दिने छैन । युक्तिसंगत रुपमा मानव जातिको अस्तित्वको बारेमा गर्न सकिने एक मात्र परिभाषा भनेको समझदारीका साथ विशेष कारणवश अस्तित्वमा हुनुहुने सर्वशक्तिमानले सृष्टि गरी उसलाई  यस पृथ्वीमा राख्नुभएको हो भनी भन्नु हो ।

हामीले बाइबलले स्पष्ट रुपमा घोषणा गर्ने कुराको निष्कर्ष विवेकबाट निकाल्यौं । बाइबलको पहिलो अध्यायमा हामीलाई भनिएको छ, “परमेश्वरले भन्नुभयो, मानिसलाई आफ्नै स्वरुपमा, हाम्रै प्रतिरुपमा बनाऔं ...” (उत्पत्ति १:२६) । बाइबल अनुसार मानव जीवन ईश्वरीय जीवनबाट आएको हो । हामीलाई त्यसपछि भनिएको छ, “परमेश्वरले मानिसलाई आफ्नै स्वरुपमा सृष्टि गर्नुभयो, परमेश्वरकै प्रतिरुपमा उहाँले तिनीहरुलाई सृष्टि गर्नुभयो । नर र नारी नै गरी उहाँले तिनीहरुलाई सृष्टि गर्नुभयो । परमेश्वरले तिनीहरुलाई आशिष दिनुभयो र तिनीहरलाई भन्नुभयो, फल्दै-फुल्दै, बृध्दि हुँदै, पृथ्वीमा भरिँदै र त्यसलाई आफ्नो वशमा पार्दै जाओ । समुद्रका माछाहरु, आकाशका पक्षीहरु तथा पृथ्वीका सबै जीवित प्राणीहरुमाथि अधिकार गर” (उत्पत्ती १:२७, २८) । परमेश्वरले मानव जातिलाई उहाँको आफ्नै जस्तो आत्मिक गुण दिनुभयो । मानिसलाई पुरुष र स्त्रीको रुपमा सृष्टि गर्नुभएर, उहाँले परिवारको सृष्टि गर्नुभयो, त्यसले पृथ्वीका सबै जीवनमाथि अधिकार गरेको होस् भनी परमेश्वरले प्रकृतिको नियम सृष्टि गर्नुभयो ।

हामीलाई बिषेकले मानव जीवन एक सर्वशक्तिमान हातबाट ईश्वरीय कारणले सृष्टि गरिएको थियो भनी मानिलिन माग गर्दछ । बिना कुनै संकोच, हामी भन्न सक्दछौं, “किनकि तपाईले नै मेरो भित्रका अंगप्रत्यङ्ग बनाउनुभयो, तपाईले मलाई मेरी आमाको गर्भमा रच्नुभयो । म तपाईको प्रशंसा गर्छु, किनकि म भययोग्य र अद्‍भुत रीतिले बनाइएको छु । तपाईका कार्यहरु अद्‍भुत छन् र त्यो कुरा म पूर्ण रुपले जान्दछु” (भजनसंग्रह १३९: १३, १४) ।

एकजना धर्मप्रचारकले एकपल्ट भनेका थिए, “म संसारको धेरै देशहरुमा गएको छु, मलाई हरेक देशमा एकै किसिमको अनुभव भएको छ । उदाहरणको निम्ति, जब बालबालिकालाई दुईमा दुई जोड्दा चार हुन्छ भनी सिकाइन्छ, उनीहरुले सधैं एकै तरिकाले प्रतिकृया जनाउँदछन् । उनीहरुले त्यसबारेमा सोच्दछन् र त्यसपछि त्यो ठिक छ भन्ने निष्कर्ष निकाल्छन् । उनीहरुको दिमागमा भएको कुनै कुरा त्यो धारणासम्म पुग्दछ र त्यसलाई सत्यको रुपमा स्वीकार गर्दछ । त्यसै गरी जब यी विभिन्न देशहरुमा भएका मानिसहरुलाई परमेश्वरले यो पृथ्वी, यो ब्रम्हाण्ड र मानिसलाई सृष्टि गर्नुभएको हो भनी सिकाइन्छ, उनीहरु यस बारेमा सोच्दछन् र त्यसपछि यो अवधारणा ठीक हुनुपर्दछ भन्ने निष्कर्ष

निकाल्दछन् । उनीहरुको दिमागमा भएको कुनै कुराले त्यो शिक्षालाई ग्रहण गर्दछ र त्यसलाई सत्यको रुपमा स्वीकार गर्छ । म गएको प्रत्येक देशहरुमा मैले यही प्रतिकृया पाएको छु ।"

यदि तपाई मानिसको अस्तित्व - उसको जीवन, उसको ज्ञान, उसको आत्मिक गुण, उसको नैतिक चेतना र उसको भौतिक शरीरको बारेमा सोच्नुहुन्छ - तपाईले निश्चय नै उ त्यत्तिकै आएको होइन, तर अस्तित्वमा हुनुहुने एक सर्वशक्तिमानबाट सृष्टि गरिएको थियो भन्ने निष्कर्ष निकाल्नु हुन्छ । तपाई परमेश्वर वास्तवमा अस्तित्वमा हुनुहुन्छ भन्नेमा निर्धक्क हुनु सक्नुहुन्छ । मानिसको अस्तित्वले यो कुरा प्रमाणित गर्दछ ।

### निष्कर्ष

हामीले विचार गरेको यी दुई प्रमाणहरुको बारेमा गहिरिएर सोच्नुहोस् - संसारको प्रमाण र मानिसको प्रमाण । यिनीहरुले माग गर्ने निष्कर्ष यति अकाट्य र इन्कार गर्न नसकिने छन्, त्यसैले बाइबल भन्दछ, "मूर्खले आफ्नो मनमा भन्छ, ईश्वर छँदै छैन" (भजनसंग्रह १४:१) ।

यो पनि विचार गर्नु उचित हुन्छ कि परमेश्वर जसले हामीलाई बनाउनुभयो उहाँले एक दिन न्यायको निम्ति हामीलाई बोलाउनु हुनेछ र हामीले कसरी जीवन बितायौं त्यसको लेखा दिन आवश्यक पर्नेछ । यसैकारणले गर्दा परमेश्वरले येशूलाई यस संसारमा पठाउनु भयो र हामीलाई बाइबल दिनुभएको छ । उहाँले हामी यहाँ किन आयौं र हामीबाट के आशा गरिएको छ भन्ने हामीले बुझेको चाहनुहुन्छ । येशूले भन्नुभएको छ, "मलाई इन्कार गर्ने र मेरो वाणी ग्रहण नगर्नेको लागि एउटा न्यायाधीश छन् । जो वचन मैले बोलें त्यसैले अन्त्यको दिनमा त्यसको न्याय गर्नेछ" (यूहन्ना १२:४८) ।

येशू र बाइबलले प्रकट गर्नुहुने अति नै आश्चर्यजनक सत्य के हो भने परमेश्वरले हामीलाई उहाँको सन्तानको रुपमा ग्रहण गर्न चाहनुहुन्छ । उहाँ एक जसले सूर्य, चन्द्रमा, ताराहरु, पृथ्वी र सम्पूर्ण ब्रम्हाण्ड बनाउनुभयो उहाँको अनन्त परिवारमा मेरो संगति चाहनुहुन्छ । उहाँले उहाँको परिवारमा उहाँको पुत्रको सुसमाचारद्वारा मलाई निमन्त्रणा दिनुभएको छ । जब म येशूमा भएको विश्वासद्वारा यो सुसमाचारको आज्ञापालन गर्छु, पापको पश्चाताप गर्छु, येशूलाई स्वीकार गर्छु र ख्रीष्टको शरीरमा बप्तिष्मा लिन्छु, म उहाँको आत्मिक परिवारमा ग्रहण गरिएको हुन्छ (एफिसी १:५, गलाती ४:६) । धर्मशास्त्र अनुसार तपाईले वास्तवमा परमेश्वर हुनुहुन्छ भन्ने मात्र थाहा पाउनु हुन्न तर वास्तवमा तपाई उहाँको सन्तान पनि बन्नुहुन्छ ।

### अभ्यास प्रश्नहरु

१. कसैले सोध्न सक्ने सबैभन्दा गहन प्रश्न के हो ?
२. किन "के परमेश्वरको अस्तित्व छ" भन्ने प्रश्न त्यतिको गहन छ ?
३. के कुराबाट बाइबल सुरु हुन्छ ?
४. हामीलाई परमेश्वरमा विश्वास गर्न बाध्य पार्ने पहिलो प्रमाण के हो ?
५. कसैले परमेश्वरलाई अलग गरेर मान्छेको अस्तित्वको बारेमा व्याख्या गर्न चाहन्छ भने कुन तीनवटा समस्याको सामना उसले गर्नु पर्दछ ?

## सृष्टिकर्ता अथवा संयोग

डा. ए. क्रेसी मोरिसन, भूतपूर्व अध्यक्ष, न्यू योर्क राज्य विज्ञान प्रतिष्ठानले भनेका छन् :

सबै कुराको पछाडि रहेको निर्देशित उद्देश्यका प्रमाणले गहकिलो संकेत गर्दछ .... हामीले थाहा पाएका छौं यो संसार ठीक ठाउँमा छ, माटोको माथिल्लो भाग दश फिटमा मिलेर बसेको छ, र यदि महासागर केही फिटमात्र गहिरो हुन्थ्यो भने हामी कहाँ अक्सिजन र वनस्पति हुन्थेन र । हामीले थाहा पाएका छौं पृथ्वी चौबीस घण्टामा एक फन्को मार्दछ र यदि यो घुम्ने गति कम भयो भने, जीवन असम्भव हुनेछ । यदि पृथ्वी सूर्यको वरिपरी घुम्ने गति वास्तविक रुपमा बढि अथवा घटि हुन्थ्यो भने, यो जीवनको इतिहास, यदि हुन्थ्यो भने पनि, पूर्ण रुपमा फरक हुन्थ्यो । यो सूर्य हजारौं मध्ये एक हो भन्ने हामीले थाहा पाएका छौं जसले गर्दा यस पृथ्वीमा हाम्रो जस्तो जीवन सम्भव भएको छ, यसको आकार, घनत्व, तापक्रम र यसका किरणहरुका गुण सबै ठीक हुनुपर्दछ र छन् । वायुमण्डलमा भएका ग्यासहरु एक आपसमा ठीक मात्रामा मिलेका छन् र यसमा भएको सामान्य परिवर्तन पनि घातक हुन सक्छ भन्ने हामीलाई थाहा छ । ....

पृथ्वीको आकार, अन्तरिक्षमा यसको स्थान र सबै कुराहरु मिलेको सुन्दरता विचार गर्दा, यी मध्ये ठीक रुपमा मिलेका कुराहरु यसरी मिल्ने सम्भावना दशौं लाखमा एक मात्र हुन्छ र ती सबै हुन आउने त्यस्तो सम्भावनालाई आँकलन गर्न सकिँदैन । यी तथ्यहरुको अस्तित्वलाई त्यसैकारण कुनै पनि सम्भावनाको नियमसँग मिलाउनु हुँदैन । प्रकृतिले प्रदर्शन गर्ने अद्‍भुतताको पुनः अवलोकनले प्रश्नभन्दा पर यी सबैमा अभिप्राय र उद्देश्य छन् भन्ने देखाउँछन् । अस्तित्वमा हुनुहुने सर्वोच्च जसलाई हामी परमेश्वर भन्दछौं उहाँद्वारा सबै कुरामा हामीले कल्पना गर्न नसक्ने पूर्णतामा एक कार्यक्रम संचालन भइराखेको छ ।

ए. क्रेसी मोरिसन, Man Does Not Stand Alone (New York: Fleming H. Ruell Co., 1994) 94, 95, Batsell Barrett Baxter, I Believe Because .... मा उल्लेखि गरिएको (Grand Rapids, Mich: Baker Book House, 1971) 66.